नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

श्री बौद्धनाथ क्षेत्र विकास समिति

बौद्ध-६, काठमाडौं, फोनं. ०१ -४५८९२५७

सिलबन्दी बोलपत्र आह्वानको सूचना नं.- ०१/०८३/८४

पहिलो पटक प्रकाशित मिति २०८३।०६।२४

विश्व सम्पदा सूचिमा सूचिकृत बौद्ध महास्तूप परिसर लगायत समितिले आवश्यक ठानेको स्थानमा सुरक्षा सेवा प्रदान गर्न यस समितिलाई १५ जना सुरक्षा गार्ड सेवा (Security Guard Service) आवश्यक परेकोले सुरक्षा सेवा करारमा लिने कार्य गर्न तपसिलमा उल्लिखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट/नोट सहित सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित विवरण अनुसार सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

शर्तहरू

१. बोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने बोलपत्रदाताले बोलपत्र साथ देहायका कागजातहह पेश गर्नुपर्नेछ ।
(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मू.अ.क. दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) Bid security(Bank Guarantee)

२. सिलबन्दी बोलपत्र फारामका लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई यस समितिबाट यो सूचना प्रकाशित भएको मितिले २१औँ दिनभित्र बोलपत्र खरिद गरी २२औँ दिन दिनको १२ :०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहतभित्र बोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी बोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनुपर्नेछ ।

३. म्यादभित्र पर्न आएको सिलबन्दी बोलपत्र बोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रसाथ वोलपत्र जमानत बापत बोलपत्रदाताले कबुल गरेको रकम अङ्कको साढे दुई प्रतिसत रकम यस समितिको सिद्धार्थ बैंक लि., बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समिति क-२.१०.४ धरौटी खाता नं. ५५५१३३६६२०२ मा नगद जम्मा गरेको सिद्धार्थ बैंक लिमिटेडको भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंक "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस समितिको नाममा जारी भएको कार्य प्रयोजन एवम ठेक्का नम्बर अनिवार्य उल्लेख भएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ र सो जमानतको म्याद कम्तीमा १२० दिनको हुनुपर्नेछ ।

५. बोलपत्रमा नेपाल सरकारले तोकेको न्यूनतम सेवा सुविधा नघट्ने गरी दररेट अङ्क र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. रीतपूर्वक भरी नआएको, सिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको बोलपत्रलाई मान्यता दिइने छैन ।

७. बोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।

८. दुई वा दुई भन्दा बढी बोलपत्रमा समान, फरकमा भरी पेश भई आएमा समितिले बोलपत्र पेश गर्ने फर्म/कम्पनीको विगतको कार्य विवरण हेरी उपयुक्तलाई छनोट गर्न सक्नेछ । पेश भएका बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा निहित रहनेछ । यसबारे कुनै पनि कारण दिन समिति बाध्य हुने छैन ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू बोलपत्र दाता आफैँले नै व्यहोर्नु पर्नेछ ।

१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा बोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।

११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरु तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाइनेछ । साथै अन्य थप जानकारीका लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ ।

तपसिल

सि.नं./ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का अङ्कको)	लागत अनुमान (मू.अ.कर समेत)	फाराम दस्तुर
SG-01-083-84	सुरक्षा गार्ड सेवा	२.५ प्रतिशत	५६,४१,८०३.४३	१५००